## निरीक्षण पुस्तिकाः कारागार कार्यालय, जाजरकोट

आज मिति २०७९ असार २४ गते शुक्रवार कारागार कार्यालय, जाजरकोटको निरीक्षण गर्ने अवसर प्राप्त भयो । उच्च सरकारी वकील कार्यालय, सुर्खेतबाट कारागारको अनुगमन गरी कैदीबन्दीको अवस्था पहिचान गर्ने हेतुले आवधिक रुपमा गरिने यस निरीक्षणका क्रममा कारागार कार्यालयका जेलर, कर्मचारी, सुरक्षाकर्मी, कैदी र थुनुवासँग कारागारभित्रै अन्तरक्रिया गरियो । अनुगमनका क्रममा कैदी र थुनुवाले विभिन्न कानुनी व्यवस्थाबारे जिज्ञासा राखेकोमा सोलाई सम्बोधन गर्ने प्रयास गरियो । अनुगमनका क्रममा कारागारको अवस्था कैदी र थुनुवाका सम्बन्धमा देहायका सवालमा सुधार गर्नुपर्ने अवस्था पहिचान गरियो ।

क) सबल पक्षः

१. कैदीवन्दीलाई हप्तामा तीन दिन आफन्तसँग भेटघाट गर्ने प्रबन्ध गरेको पाइयो ।

२. कारागारको पुरुष ब्लकमा कैदी र थुनुवाको लागि सिडिएमए फोन समेत दिइएको पाइयो ।

३. सुरक्षा निगरानीको लागि सि.सि. क्यामेराबाट समेत अनुगमन गर्ने गरिएको देखियो ।

४. वैतनिक वकीलमार्फत असमर्थ कैदी र थुनुवाहरुले निःशुल्क कानुनी सहायता पाउने गरेको देखियो ।

५. कारागारमा निरीक्षण अवधिमा दीर्घरोगी, नाबालिग बिज्याइँकर्ता वा आश्रित बालबालिका रहेको पाइएन ।

ख) सुधार गर्नुपर्ने पक्षः

१. कारागार कार्यालयमा रिक्त रहेको स्वास्थ्य सहायक (एच.ए.) को दरवन्दी पदपूर्ती गर्नुपर्ने देखियो । पदपुर्ती नहुँदा सम्म कैदीवन्दीको आकस्मिक लगायत स्वास्थ्य चेकजाँचको लागि काज वा करारमा भए पनि दरवन्दी अनुसारको कर्मचारी राखि स्वास्थ्य चेक जाँचको प्रबन्ध गर्नुपर्ने देखियो ।

२. कैदी र थुनुवाको निश्चित समयावधी कम्तिमा ६/६ महिनामा नियमित स्वास्थ्य चेकजाँचको ब्यवस्था हुनुपर्ने देखियो । स्वास्थ्य र सरसफाई सम्बन्धि कार्य नियमित रुपमा गर्नुपर्ने देखियो ।

३. कारागार कार्यालयको भवन साँगुरो, जीर्ण, पुरानो, वर्षामा पानी चुहिने, क्षमता भन्दा बढि कैदी वन्दी भएको र छुट्टै महिला ब्लकसमेत नभएकाले हाल कारागार भएको स्थानमा भवनका लागि जग्गा पर्याप्त भएको जानकारी हुन आएकोले सम्बन्धित निकायसँग समन्वय गरी नेपाल सरकारको कारागारको मापदण्ड अनुसारको नयाँ सुविधा सम्पन्न भवन निर्माणका लागि पहल गर्नुपर्ने देखियो ।

४. नयाँ भवन निर्माण नहुँदा सम्म सम्बन्धित निकायमा पहल गरी कैदीबन्दी बस्ने भवन मर्मत सम्भार गर्नुपर्ने देखियो । कारागारको भवन भित्र दुई वटा मात्र सौचालय

रहेको तथा स्नान खुला ठाउँमा गर्नुपर्ने भएकाले सौचालयको संख्या बृद्धि गरी छुट्टै स्नान घर बनाउनुपर्ने देखियो । सम्भव भएमा महिला कैदी वन्दीका लागि छुट्टै कक्षको व्यवस्थाका लागि पहल गर्नुपर्ने देखियो । कैदीवन्दीलाई राखिएको कम्पाउण्डको पर्खाल पनि जीर्ण अवस्थामा भएकाले सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक बजेट माग गरी तत्काल निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखियो ।

५. कारागारबाट कैदी र थुनुवालाई अदालत, प्रशासन र अस्पताल लगायत निकायमा लैजान सवारी साधनको व्यवस्था हाल नहुँदा पैदलै लग्ने तथा अन्य निकायसँग समन्वय गरी व्यवस्थापन गरेको देखिँदा कारागार जस्तो संवेदनशील कार्यालयमा कैदी र थुनुवालाई विभिन्न स्थानमा लैजान अविलम्ब सवारी साधनको ब्यवस्था गर्नुपर्ने देखियो ।

६. कैदी र थुनुवालाई भेटघाट गर्न आउने आफन्त र अन्य आगन्तुकलाई सहजिकरण गर्न सहायता कक्षको अविलम्ब स्थापना गर्नुपर्ने देखियो ।

७. कारागार कार्यालय हाताभित्र ४ वटा सि.सि. क्यामेरा रहेकोमा हाल १ वटा बिग्रेकोमा अविलम्ब मर्मत गर्नुपर्ने, भिडियो फुटेज कम्तीमा ६ महिनासम्म राख्ने गरी स्टोरेजको ब्यवस्था गर्नुपर्ने, कार्यालय प्रमुख जेलरको कक्षमा सि.सि.टिभीको फुटेज हेर्ने ब्यवस्था भएकोमा २४ घण्टा नै जेलर र सुरक्षा प्रमुखको कक्षमा ठूलो भिडियो स्क्रिन राखि सि.सि. क्यामेराबाट अनुगमन गर्नुपर्ने, सि.सि. क्यामेरा २४ घण्टा नै सञ्चालन हुन सक्ने गरी बिजुली तथा पावर ब्याकअपको ब्यवस्थापन गर्नुपर्ने, आवश्यक सि.सि. क्यामेराको संख्या र क्षमता बढाउने सम्बन्धमा सुरक्षा निकायसँग समन्वय गरी कारागार व्यवस्थापन विभागलाई अविलम्ब जानकारी गराउनु पर्ने देखियो ।

८. कैदी र थुनुवा भेट्न आउने आफन्त र कानुन व्यवसायीलाई बेग्लै भेटघाट कक्ष नरहेकोले भेटघाट कक्षको प्रबन्ध गर्नुपर्ने देखियो ।

९. कैदी र थुनुवालाई कानुनबमोजिम् दिइने सिदा खर्च स्वस्थ जीवनयापनको लागि अपर्याप्त रहेको कैदी/थुनुवाबाट समेत गुनासो रहेको हुँदा सो सम्बन्धमा माथिल्लो निकायबाट आवश्यक पहल हुनुपर्ने देखियो ।

१०. कारागार कार्यालयमा सुरक्षाकर्मीको २० जनाको दरवन्दी रहेकोमा हाल १७ जनामात्र कार्यरत रहेकोमा कारागार जस्तो सुरक्षाको दृष्टिकोणले निकै संवेदनशिल स्थानमा दरवन्दी अनुसारको पर्याप्त सुरक्षाकर्मीको ब्यवस्था हुनुपर्ने देखियो ।

कारागार र कैदी तथा थुनुवासम्बन्धी उल्लिखित पूर्वाधारका समस्या सरकारी लगानी र बजेट निर्धारणसँग सम्बन्धित छन् । यी मध्ये पूर्वाधार र क्षमता विस्तारका बारेमा कारागार कार्यालय, जिल्ला प्रशासन कार्यालय, कारागार व्यवस्थापन विभाग र गृह

मन्त्रालयले सक्रियता देखाउनुपर्ने देखिन्छ । पर्याप्त सुरक्षाकर्मीको प्रबन्धको व्यवस्था मिलाउन गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । महान्यायाधिवक्ताको कार्यालयले समेत प्राप्त प्रतिवेदनको आधारमा सम्बन्धित सरोकारवाला निकायसँग वार्तामार्फत समस्या समाधानका लागि तदारुकता देखाउनुपर्ने आवश्यकता देखिन्छ ।

अन्तमा, कारागार अनुगमन कार्यमा सहयोग पुर्याउनु हुने कारागार कार्यालय जाजरकोटका निमित्त कार्यालय प्रमुख जेलर श्री चन्द्रबहादुर गिरी, खरिदार श्री गणेशबहादुर नेपाली, सहायक कम्प्युटर अपरेटर श्री लोकराज शाही, प्रहरी सहायक निरीक्षक श्री नरेन्द्रराज गौतम लगायत कार्यालयका कर्मचारी र सुरक्षाकर्मीलाई धन्यवाद ज्ञापन गर्दछौं ।

अनुगमनकर्ता

उच्च सरकारी वकील कार्यालय, सुर्खेतका सहन्यायाधिवक्ता श्री ज्ञानप्रसाद भुसाल

सहयोगी सरकारी वकील

जिल्ला सरकारी वकील कार्यालय, जाजरकोटका जिल्ला न्यायाधिवक्ता श्री उमाकान्त पौडेल

उच्च सरकारी वकील कार्यालय, सुर्खेतका उपन्यायाधिवक्ता श्री नगेन्द्र लम्साल

सहयोगी कर्मचारी

जिल्ला सरकारी वकील कार्यालय, जाजरकोटका नायब सुब्बा श्री नारायणप्रसाद पौडेल

पर्यवेक्षक

जिल्ला प्रहरी कार्यालय जाजरकोटका प्रमुख प्रहरी नायब उपरीक्षक श्री सन्तोष निरौला

जिल्ला अदालत बार एशोसिएशन जाजरकोटका सचिव अधिवक्ता श्री छविराज शर्मा -

२०७४।२।२८

निरीक्षण प्रतिवेदन बारे जानकारी प्राप्त भयो ।

२०७४।२।२८

चन्द्र बहादुर गिरी

का.मु.का.प्र. (जेलर)

कारागार कार्यालय

जाजरकोट



नेपाल सरकार

गृह मन्त्रालय

कारागार व्यवस्थापन विभाग

कारागार कार्यालय

जाजरकोट